# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जामुनबारी झापा
# १ नं. प्रदेश, नेपाल

**विषय- लिखित प्रस्ताव आहवान सम्बन्धि ५ दिने सूचना**
**सूचना प्रकाशित मिति - २०७७।०१।०४ गते**

विश्वव्यापी रुपमा फैलिएको नोभल कोरना भाईरस ( COVID-19) माहामारीको रोकथाम तथा नियन्त्रणको लागी मिति २०७६।१२।११ गते देखि २०७७।१।१५ सम्म नेपाल सरकारले देशव्यापी रुपमा लकडाउनको घोषणा गरेको सन्दर्भमा यस नगरभित्र वसोवास गरी दैनिक ज्यालादारी गरी जिविकोपार्जन गर्ने ज्यालादारी मजदुर वर्गलाई अत्यावश्यक खाध्य सामाग्री तत्काल खरिद गरि वितरण नगर्दा सार्वजनिक सुरक्षा हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने संकटलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा व्यवस्था भएको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धि व्यवस्थानुसार निम्न बमोजिमको राहात सामाग्रीय योग्य तथा इच्छुक फर्म/कम्पनी/सप्लायर्सले ईजाजत पत्र, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७५।७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, संलग्न राखी सामाग्रीको गुणस्तर सहितको लिखित दररेट प्रस्ताव प्रस्ताव दाता स्वयम वा प्रतिनिधि यस नगर कार्यपालिकाको कार्यालयमा उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना kanakai.mun@gmail.com मा मिति २०७७।०१।०९ गते साँझको ५ बजे भित्रमा पेश गर्न सकिनेछ । प्रस्ताव पेश गर्न दिएको समय सकिनासाथ पेश भएको प्रस्तावको मूल्य, गुणस्तर, परिमाण तथा ढुवानीको विषयमा प्रस्ताव माथि वार्ता गर्न प्रस्तावदाता कार्यालयमा उपस्थित हुनुपर्नेछ ।कोरोना भाईरसका कारण यतिबेला मुलुक लकडाउनमा भएकोले प्रस्ताव पेश गर्न तथा वार्ताको लागी यस कार्यलयसम्म आउन जान पास आवश्यक भएकोमा प्रस्तावदाता वा निजको प्रतिनिधिको परिचय खुल्ने कागजात सहित यस कार्यालयको उल्लेखित ईमेल ठेगानामा अनुरोधपत्र पठाउन सकिनेछ ।उल्लेखित सूचना तथा अन्य आवश्यक विवरणहरु यस कार्यालयमा र यस कार्यालयको वेवसाईड kankaimun.gov.np तथा फेसबुक पेज www.facebook.com/kanakaimun मा गई हेर्न तथा डाउनलोड गर्न सकिने छ ।योग्य फर्म/कम्पनी/सप्लायर्स छनौट भै सकेपछि सम्झौता अघि नियमानुसारको कार्यसम्पादन जमानत जम्मा गर्नुपर्नेछ ।उल्लिखित सामाग्रीहरु एउटै फर्म/कम्पनी/सप्लायर्सले उपलब्ध गराउन नसक्ने भएमा छुट्टा छुट्टै फर्म/कम्पनी/सप्लायर्सले समेत प्रस्ताव पेश गर्न सक्नेछन्।अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

तपशिल

| सि.नं. | सामानको विवरण | सामानको गुणस्तर | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | चामल | मन्सुली | के.जी. | ६००००।०० (साठी हजार) | |
| २ | दाल | मुसुरी | के.जी. | ७०००।०० (सात हजार) | |
| ३ | खानेतेल | सनफ्लावर / तोरी | लिटर | ५०००।०० (पाँच हजार) | |
| ४ | नुन | आयो नुन | के.जी. | ७०००।०० (सात हजार) | |
| ५ | साबुन | (लाईफब्याय/डिटोल/ वा सो सरह) | थान | ७०००।०० (सात हजार) | |

रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत